प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.२, जनकपुरधाम ।

## समपूरक अनुदान र विशेष अनुदान कार्यक्रमको निवेदन पेश गर्ने सम्बन्धमा

मितिः २०७७/०६/१५

प्रदेश नं.२ को विनियोजन ऐन,२०७७ को दफा १२ मा रहेको व्यवस्था बमोजिम आ.व. २०७७/०७८ मा प्रदेश सरकारबाट स्थानीय तहमा कार्यान्वयन हुने विशेष र समपूरक अनुदान अन्तरगतका कार्यक्रमका लागि सबै स्थानीय तहले १/१ (एक) वटा कार्यक्रम/आयोजना छनौट गरी विनियोजन ऐन, २०७७ को अनुसूचि-३ बमोजिमको ढाँचामा आर्थिक मामिला तथा योजना मन्त्रालयमा २०७७ असोज मसान्त भित्र आइपुग्ने गरी पठाइदिनु हुन प्रदेश सरकार (मा.मन्त्रीस्तर) को मिति २०७७/०६/१४ को निर्णयानुसार सम्बन्धित सबै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

<u>प्रदेश सरकारबाट प्रदान गरिने अनुदान र सीमाः</u>

| *अनुदानको किसिम* | *गा.पा./न.पा.* | *उ.म.न.पा.* | *म.न.पा.* |
|---|---|---|---|
| समपूरक | २० लाख | ५० लाख | ७५ लाख |
| विशेष | ३० लाख | ७५ लाख | १ करोड |

समपुरक अनुदानको हकमा प्रत्येक स्थानीय तहले प्रदेश सरकारले प्रदान गर्ने माथि उल्लेख गरिएको रकममा नघटने गरी आफ्नो अंश कार्यक्रमको लागतमा समावेश गर्नु पर्नेछ ।

<u>अनुदान प्रदान गरिने क्षेत्रः</u>

क) समपूरक अनुदानः भौतिक पूर्वाधारका क्षेत्रहरु(सडक, सिंचाई, खानेपानी, पर्यटन, खेलकुद तथा पुलपुलेसा लगायतका क्षेत्र, गरिबी न्यूनिकरण, रोजगारी सिर्जना, स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने)

ख) विशेष अनुदानः शिक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्न, पिछडिएको क्षेत्र, अल्पसंख्यक विशेषलाई लक्षित गरी संचालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रम

<u>कार्यक्रम छनौटः</u> विशेष र समपूरक अनुदानको आयोजना तथा कार्यक्रम प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता, औचित्यता, लागत अनुमान, समयसीमा, उपादेयताका आधारमा छनौट गर्नेछ ।

<u>पुनश्चः</u> विशेष र समपूरक अनुदान छनौट सम्बन्धी व्यवस्था विनियोजन ऐन, २०७७ मा गरिएको व्यहोरा अनुरोध छ । विनियोजन ऐन, २०७७ यस मन्त्रालयको Website: www.moeap.p2.gov.np बाट Download गर्न सकिनेछ । कार्यक्रम मन्त्रालयको इमेल info.moeap@p2.gov.np / aarthikmamila.2@gmail.com मा र लिखितरुपमा पठाउनु हुनेछ ।